# बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, हेटौंडाको
# सिभिल इन्जिनियर करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः२०७९/१०/२४

यस मन्त्रालय र मातहतको निकायहरुमा आ.व. २०७९/०८० को स्वीकृत अस्थायी दरबन्दीमा सिभिल इन्जिनियर पदमा २०८० असार मसान्तसम्मका लागि करार सेवामा भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात र राजश्व तिरेको भौचर सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद | तह | सेवा | समूह | संख्या |
|---|---|---|---|---|---|
| ५१/२०७९-०८० | सिभिल इन्जिनियर | सातौं | इन्जिनियरिङ्ग | सिभिल इ. | १ |

- **छनोटको आधारः** अन्तरवार्ता प्रक्रिया (अन्तरवार्ता, कार्यानुभव, न्युनतम योग्यताको श्रेणी र तालिम)
- **उम्मेदवारको उमेर हदः "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा ब्यावस्थापन सम्बन्धी कार्यविधि, २०७८"** बमोजिम ।
- **उम्मेदवारले काम पर्ने कार्यालयः** स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश तथा अन्तर्गत निकायका ।
- **विस्तृत विवरणः** यस मन्त्रालयको वेवसाइट http:// www.moh.bagamati.gov.np हेर्न सकिन्छ ।
- **आवश्यक न्युनतम शैक्षिक** योग्यताः "निजामति सेवा ऐन, २०४९" र "निजामति सेवा नियमावली, २०५०" बमोजिम हुने ।
- **सेवा सुविधाः** प्रचलित नियमानुसार ।
- **दरखास्त दस्तुरः** रु. १२००/-
- **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातः** क) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी घ) उत्तिण श्रेणी खुलेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ङ) कार्यानुभव र तालिमको कागजात एवं प्रमाणपत्रको प्रतिलिपी ।
- श्रेणी नखोलि उत्तिण भएको शैक्षिक प्रमाणपत्रको हकमा छनौन तथ सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
- सम्बन्धित पद/तहमा एक बर्ष भन्दा बढि सेवा अवधि भएकोलाई मात्र अनुभव बापतको अङ्क दामासाहीले प्रदान गरिनेछ ।
- सेवासगँ सम्बन्धित र विज्ञापन गरेको पदसगँ सम्बन्धित **"चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा ब्यावस्थापन सम्बन्धी कार्यविधि, २०७८"** बमोजिम कम अवधिलाई तालिमको मान्यता दिइने छैन ।
- **आवेदन दस्तुरः** प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्टिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१०००० मा यस मन्त्रालयको कोड नं. ३७०००३२०१३, राजश्व शिर्षक नं. १४२२४ परीक्षा शुल्क शिर्षकमा बुझाई सो को भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।
- **आवेदन फारमः** यस मन्त्रालयको वेवसाइट http:// www.moh.bagmati.gov.np बाट डाउनलोड गर्ने र सो डाउनलोड गरेको फाराम भरी पेस गर्न सकिन्छ ।
- **अन्तरवार्ता हुने मितिः** स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशको उक्त वेवसाइट र सूचना पाटीमा पछि प्रकाशन गरिनेछ ।
- **आवेदन बुझाउने स्थानः**
- **रितपुर्वक प्राप्त नभएको दरखास्त उपर कुनै कार्वाही हुने छैन । यसमा लेखिए देखि बाहेक अन्य कुराहरु छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**
- थप जानकारीको लागि यस मन्त्रालयको फोन नं. ०५७-५९०३९२, ५९०३९३ मा सम्पर्क गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय हेटौंडा, नेपाल

**अधिकृत छैठौ**

CS CamScanner